नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

## प्रेस नोट

मलेसिया, इजरायल, जापान, कोरिया लगायत मुलुकमा नेपाली कामदार पठाउने निश्चित म्यानपावर व्यवसायीहरुलाई फाईदा पुग्नेगरी सिन्डिकेट गर्न लागिएको भनी विभिन्न सञ्चार माध्यमबाट अफवाह फैलाईएको सम्वन्धमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ। नेपाली श्रमिकहरूको हक र अधिकार सुनिश्चित गर्ने र वैदेशिक रोजगारलाई विश्वसनीय, सरल र सुलभ बनाउने सन्दर्भमा मन्त्रालयले नीतिगत सुधार गर्दै आएको छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट हालसम्म कुनै निश्चित व्यवसायीलाई लाभ हुने गरी कुनै पनि निर्णय नभएको र भविष्यमा समेत यस प्रकारको निर्णय नहुने व्यहोरा सम्बन्धित सबैमा अनुरोध छ। यस्ता अफवाह र भ्रमपूर्ण समाचार सम्प्रेषण गर्ने व्यक्ति/समूहको पहिचान भएमा यस मन्त्रालयलाई तुरुन्तै आधिकारिक माध्यमबाट जानकारी गराइदिनुहुन हार्दिक अनुरोध छ। साथै, यस प्रकारको समाचार सम्प्रेषण गर्ने व्यक्ति, समूहमाथि कारवाही गर्न गृह मन्त्रालय मार्फत नेपाल प्रहरीलाई र यस्ता भ्रामक सूचना र समाचार प्रसारण गर्ने गराउने सञ्चार माध्यमलाई प्रचलित कानुन बमोजिम अनुसन्धान र कारवाहीका लागि प्रेस काउन्सिललाई लेखि पठाईएकोले उक्त भ्रमपूर्ण एवम् आधारहीन विषयको पछाडि नलाग्नुहुन सम्वद्ध सबै पक्षसँग यस मन्त्रालयको हार्दिक अनुरोध छ।

मितिः २०८२/०२/११

(मेघनाथ रिमाल)
उपसचिव/सहायक प्रवक्ता